नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

माघ/फाल्गुण २०७५ (February 2019) वर्ष २३/अङ्क २६३

## हाम्रा पाँचवटा पापलाई येशूले घृणा गर्नुहुन्छ

- पाष्टर प्रेम श्रेष्ठ

खीष्ट येशू प्रभुले हामीलाई अन्धकारबाट गजबको ज्योतिमा बोलाउनुभयो । जसरी दमस्कसको बाटोमा अचानक एउटा उज्यालो ज्योति आयो र शावल लगायत सबै उनका साथीहरू मरेतुल्य भए र एउटा आवाज आयो र भन्यो शावल, ए शावल तिमी किन मलाई सताउँदछौ ? त्यो आवाज शावलले सुने र शावल पछि परिवर्तन भएर पावल भए तर त्यो आवाज अरू कसैले पनि सुनेन र आवाज नसुन्नेको जीवन परिवर्तन भएन तर शावल जो पछि पावल भनिए तर अरू उनका मतियारहरू साथीहरू त छैन । त्यसैगरी आज धेरै आवाजहरूको बीचमा उहाँको आवाज सुन्नेहरूले आफ्नो जीवन परिवर्तन गर्दछन् । धर्मशास्त्र बाइबलले भन्छ उहाँले एउटा कुरा बोल्नुभयो मैले दुईवटा कुरा सुने (भजनसंग्रह ६२:११-१२) तर आज परमेश्वर हाम्रो विवेक शुन्य भएको कारणले हामीले सुन्न त सुन्छौं तर बुझ्दैनौं किन ? के हाम्रो हृदय, विवेक र समझ उहाँतिर लगाएका छौं ? कतै हामी शुन्यवाद वा अतिवाद तिर वा भ्रममा पो जीवन बिताइराखेका छौं कि ? आज येशू हाम्रो बारेमा के सोच्नुहुन्छ होला ? **किनकि परमेश्वरको नजर धर्मात्माहरूमाथि रहन्छ, र उहाँका कान तिनीहरूका प्रार्थनातिर खुला हुन्छन्, तर परमप्रभुको मुहार खराबी गर्नेहरूका विरुद्धमा हुन्छ** (१ पत्रुस ३:१२) । उहाँले हामीलाई हेरिराख्नुहुन्छ । के हाम्रो जीवनमा त्यस्तो परिवर्तन आएको छ ? जुन येशूले हामीभित्र खोज्दैहुनुहुन्छ ?

मेरो विचारमा येशूले ५ वटा कुरालाई घृणा गर्नुहुन्छ । ती ५ वटा कुरा हाम्रो जीवनबाट हटाएर उहाँमा समर्पित जीवन जियौं भने हामी साँच्चै नै उहाँले खोजेको जस्तै व्यक्ति भेटाइनेछौं ।

### पहिलोः पाखण्डीपन – मत्ती २३:१३-२९

तिनीहरू जसले आफूलाई उच्च स्थानका विश्वासीहरू वा पवित्र व्यक्तिहरू भनी ठान्दछन् र रीतिविधिमा बढी ध्यान दिन्छन् । अरूलाई धेरै आत्मिकी हुँ भनी प्रभाव पार्दछन् । त्यस झूट र देखावटी कुरालाई येशूले उक्त खण्डमा सात पटक विरोध गर्नुभयो । उनीहरू स्वर्गको राज्यको ढोका बन्द गर्दछन । गरीब, दुःखी, विधवाको भाग लुटेर खाइदिन्छन, लामो लामो प्रार्थना गरी टोपल्छन्, तिनीहरू येशूतिर भन्दा आफूतिर आकर्षित गराउँदछन् र आफू सबै कुराको श्रेय लिन चाहन्छन् । परमेश्वरको वेदीभन्दा पनि अन्य गतिविधिमा आफ्नो ध्यान केन्द्रित गर्दछन्, तिनीहरू भुसुना चाल्दछन तर ऊँटलाई निल्दछन, खाली धर्मी बन्न लालयित हुन्छन् तर धार्मिकतालाई चटक्कै बिर्सन्छन् । तिनीहरू जसका बाहिरीपन त सफा देखिन्छन् तर भित्र फोहर मैला र लोभ, अनादरले भरिएका हुन्छन् । त्यस्ता व्यक्तिलाई प्रभु येशूले घृणा गर्नुहुन्छ । धर्मको खोल ओडेको तर धार्मिकता शुन्य भएको व्यक्तिलाई उहाँले पाखण्डी, कपटी, अन्धा, लोभी र असंयमी भनी घृणा गर्नुहुन्छ । **धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू ! किनभने तिमीहरू कचौरा र थालको बाहिरपट्टि माझ्दछौ, तर भित्रपट्टि भने ती लोभ र असंयमले भरिएका हुन्छन् ।** मत्ती २३:२५ आज हामी कस्ता छौं ?

### दोस्रोः आध्यात्मिक घमण्ड–लूका ८: ९-१४

पवित्र, पवित्र भन्दै हिंड्ने तर त्यस अनुसारको जीवन नजिउने व्यक्तिहरूमा प्राय यस्ता आत्मिकी घमण्ड देखा पर्दछन् । त्यस्ता व्यक्तिले अरूलाई गणना गर्दैनन् । आफै धर्मी देखा पर्दछन् र अरूको न्याय गर्दछन् । वास्तवमा हाम्रो काम त आफू पनि खीष्टको पछि लाग्नु र अरूलाई यही बाटोमा ल्याउनु हो, मिलापमा बस्नु हो, अरूलाई आफूभन्दा श्रेष्ठ ठान्दै आफूलाई नम्रतामा जिउने र धार्मिकतामा जिउने काम जसलाई परमेश्वर पिताले खोज्दै हुनुहुन्छ । **तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन् । किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ** (यूहन्ना ४:२३) । येशू आफैले सामरी स्त्रीलाई भन्नुभयो । जसले अरूलाई प्रेम गर्छ त्यसलाई परमेश्वरले पनि प्रेम गर्नुहुन्छ । यो खण्डमा येशूले भन्नुभयो, "त्यो एउटा शास्त्री भन्दा पश्चात्ताप गर्ने व्यक्ति धर्मी ठहरिएर घर फर्क्यो । यो खण्डले यही देखाउँदछ कि जब हामी हाम्रा पाप मानी लिन्छौं त्यसलाई परमेश्वरले प्रेम गुर्नहुन्छ र धर्मी भै टोपल्ने व्यक्तिलाई उहाँले घृणा गर्नुहुन्छ ।

### तेस्रोः अपवित्रता वा दुषित मन भएको व्यक्ति – मत्ती ५:२७-२९

हाम्रो हृदयमा अपवित्रता भित्र्याउने विशेष हाम्रो आँखा र हाम्रो कान हुन् । त्यसपछि त्यो अपवित्रता हाम्रो हृदयबाट विभिन्न अंगहरूद्वारा बाहिर निस्कन्छन् । सबै भन्दा पहिले हाम्रो जिब्रोबाट र आँखाबाट बाहिर निस्कन्छन् । त्यसकारण यदि कसैले आफूलाई पवित्रतामा जिउन चाहन्छ भने त्यसले के सुन्छ र के हेर्छ भन्ने कुरामा होशियार रहोस् । येशूले भन्नुभयो, **"सुन र बुझ । जे मुखभित्र पस्तछ, त्यसले मानिसलाई अशुद्ध पार्दैन । तर जे मुखबाट बाहिर निस्कन्छ, त्यसैले मानिसलाई अशुद्ध पार्छ ।"** मत्ती १५:१०-११ । त्यसकारण येशूले भन्नुभयो यदि तिम्रो दाहिने हातले वा दाहिने आँखाले तिमीलाई पाप गर्न लगाउँदछ भने त्यसलाई फ्याँकिदेऊ । त्यो हात तथा आँखाको कारणले तिमीलाई नरकमा पुऱ्याउँदछ भने त्यो फ्याँकिनु जरुरी छ । त्यसको अर्थ हातै काट्नु तथा आँखा फुटाउनु भनेको पक्कै होइन पावल भन्दछन् खीष्ट येशूको निम्तिम सबै कुरालाई फोहर मैला सम्झन्छु । **साँच्चै भन्ने हो भने**

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरुजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| माघ २६ February 9 | पाष्टर सामुएल कार्थक | डीकन राजु तामाङ्ग | पाष्टर अशोक मुखिया | श्री भिम खालिङ | पाष्टर दफ्तन सादा | एल्डर गोपाल शर्मा | डीकन पुरुषोत्तम न्यौपाने |
| फागुन ४ February 16 | श्री विष्णु देउला | एल्डर मान बहादुर मगर | डीकनेस् रमा राई | एल्डर घन श्याम दाहाल | श्रीमती गंगा श्रेष्ठ | श्री श्रीराम सुर्खेती | एल्डर गोपाल शर्मा |
| फागुन ११ February 23 | एल्डर दिनेश न्यौपाने | एल्डर सुरेश पुर्कोटी | एल्डर सामुएल क्षेत्री | पाष्टर रोबर्ट कार्थक | एल्डर श्रीलक्ष्मी सैंजु | डीकनेस् शान्ता मगर | श्री भुवन देवकोटा |
| फागुन १८ March 2 | पाष्टर रोबर्ट कार्थक | डीकनेस् रस्मीला तामाङ्ग | श्री सुबोध अधिकारी | श्री आर. अञ्जान घले | एल्डर रूवेन श्रेष्ठ | एल्डर सिमोन खालिङ | डीकन आमोस खालिङ |

**खीष्ट येशू मेरा प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हानि नै ठान्दछु । खीष्टलाई प्राप्त गर्न सकूँ भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छु, अनि ती सबैलाई फोहोर-मैला तुल्य म गन्दछु** (फिलिप्पी ३:८) । त्यसकारण येशूलाई मन नपर्ने, अपवित्र कुरा जसलाई येशू घृणा गर्नुहुन्छ । त्यस्ता कुरालाई हाम्रो जीवनबाट हटाऔं र उहाँलाई महिमा दिऔं ।

चौथौः मानविय आवश्यकता प्रति बेवास्ता गर्ने व्यक्ति–मत्ती २५:४१-४६

जब सभाघरको मुखियाले एउटा सुकेको हात भएको मानिसलाई निको पार्ने इच्छा गरेन । येशू रिसाउनुभयो, **उहाँले तिनीहरूलाई भन्नुभयो, "शबाथ-दिनमा भलो गर्नु कि खराबी गर्नु, प्राण बचाउनु कि नाश गर्नु, कुनचाहिँ उचित छ ?" तर तिनीहरू चूप लागिरहे । तिनीहरूका हृदयको कठोरतामा दु:खित भई क्रोधित भएर उहाँले तिनीहरू सबैलाई हेर्नुभयो अनि त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार ।" त्यसले हात पसाऱ्यो र त्यसको हात निको भयो** (मर्कूस ३:४-५) । त्यस व्यक्तिलाई निको पार्नुभयो । त्यसबेलाका शास्त्री फरिसीले येशूलाई ३ वटा विशेष दोष लगाएका थिए ।

१. पापीहरूसँग संगत गर्ने २. शबाथ दिनको पालन नगर्ने ३. आफैलाई परमेश्वर पुत्र भन्ने

यो कुरा साँचो हो कि उहाँले पापीहरू, कर उठाउनेहरू, व्यभिचारमा पक्रेकाहरू, सामरीहरूसँग र गरीब मानिससँग अधिकांस समय बिताउनुभयो । शबाथ दिनमा धेरै आश्चर्यकर्म गर्नुभयो र आफूलाई परमेश्वर पुत्र भनी प्रकट गर्नुभयो, जसको कारण मानविय तृष्णालाई पूरा गर्नुभयो जुन उहाँको मुख्य लक्ष्य थियो र आज हामीलाई यो शिक्षा दिनुभयो कि उहाँले पापलाई घृणा गर्नुहुन्छ तर पापीलाई प्रेम गर्नुहुन्छ ।

त्यसकारण हामीलाई परमेश्वरले दिनुभएको आज्ञा मानिसहरूलाई गएर सु-समाचार सुनाउने, निको पार्ने सान्त्वना दिने वरदान चलाऔं अन्यथा एउटा समय आउँदछ ढिलो हुन्छ र त्यो मौका गुमाउँदछौं । हामी पनि धर्मी मानिस र लाजरस जस्तै जीवनमा दु:ख भएपनि अन्ततोगोत्वा अब्राहामको काखमा पुग्छौं नकि त्यो धनी मानिसले समय घटेपछि सु-समाचार सुनाउन चाहयो तर ढिलो भयो । हामी त्यो असल सामरी जस्तै आफ्नो समय, शक्ति र श्रोत घाइतेहरूको लागि प्रयोग गरौं नत्रता एकजना स्वार्थी लेवी जस्तै हुन्छौं जसलाई येशू घृणा गर्नुहुन्छ ।

पाँचौः अविश्वासी कठोरपन –मत्ती ६:३०; ८:२६; १४:३१; १७:१७-२०

बाइबलले भन्दछ "अविश्वासी हृदयचाहिँ दुष्ट हृदय हो जसले मानिसलाई परमेश्वरदेखि टाढा लैजान्छ **भाइ हो, होश गर, तिमीहरूमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरूलाई जीवित परमेश्वरबाट टाढा नलैजाओस्** (हिब्रू ३:१२) । **विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ । किनकि जो परमेश्वरको नजीक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ** (हिब्रू ११:६) ।

येशूले यति धेरै अरू कुनै कुराको लागि हप्काउनुभएन तर अविश्वासको कारण र हृदयको कठोरताको लागि चेलाहरूलाई धेरै हप्काउनुभयो । अविश्वासको कारण परमेश्वरको अपमान हुन्थ्यो । त्यसकारण उहाँले चेलाहरूलाई हप्काउनुभयो । हाम्रो विश्वासको कारणले मण्डलीमा चंगाई ल्याउँदछ, छुट्कारा ल्याउँदछ, आश्चर्य कर्म ल्याउँदछ र मानिसहरूमा विजय ल्याउँदछ तर हाम्रो अविश्वासले हार, दुष्टता, खराबी, विभाजन, शंका, आउँदछ । येशू २ पटक छक्क पर्नुभयो, एक पटक जब **तिनको कुरा सुनेर येशूले आश्चर्य मान्नुभयो, र उहाँको पछि आउनेहरूलाई भन्नुभयो, "साँचै, म तिमीहरूलाई भन्दछु, इस्राएलमा पनि यति ठूलो विश्वास मैले भेट्टाएको छैनँ** (मत्ती ८:१०) । कप्तानको विश्वास देख्नुभयो, र अर्को नासरत नगरमा कुनै विशेष आश्चर्य कर्म गर्न सक्नुभएन **तिनीहरूको अविश्वास देखेर उहाँ छक्क पर्नुभयो । अनि उहाँ गाउँ-गाउँमा शिक्षा दिँदै जानुभयो** (मर्कूस ६:६) । आज हामीलाई, हाम्रो मण्डली देखेर येशू छक्क पर्दै हुनुहुन्छ कि हाम्रो विश्वास देखेर, काम देखेर वा सुनेर अर्थात् एकजना कनानी कप्तान देखेर अचम्म मान्नुभए जस्तै येशू हामीलाई देखेर अचम्म मान्नु हुँदै स्याबासी दिँदै हुनुहुन्छ ? विचार गरौं ।

त्यसकारण येशू यी पाँच ओटा हाम्रा व्यवहारप्रति घृणा गर्नुहुन्छ । यो नसोचौं हामीले जति पाप गरेपनि येशू टुलुटुलु हेरेर स्वर्गीय इनाम दिनुहुन्छ । त्यसो होइन **किनकि हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ** (उपदेशक १२:१४) । **किनकि हामी सबै खीष्टका न्याय-आसनको सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ ।** २ कोरिन्थी ५:१० अनुसार असल वा खराबको हिसाब हामी सबैले दिनु पर्दछ । त्यसकारण होशियार... २०१९ साल आशिष्मय होस् ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | गोदावरी | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
| **माघ २६** February 9 | पाष्टर रोल्याण्ड रोंगोंग | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री रोशन राई |
| **फागुन ४** February 16 | श्री भुवन देवकोटा | पाष्टर रोबर्ट कार्थक | डीकन अशोक सुनार | श्री अमृत लामा | एल्डर जमान घ्लान | डीकन लाक्पा लामा | एल्डर पिटर लिम्बू | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर बी.एन.पण्डित |
| **फागुन ११** February 23 | श्री कृष्ण नगरकोटी | श्री लेखनाथ पौडेल | एल्डर गोपी राई | एल्डर सागर थापा | डीकन राजु गुरूङ्ग | एल्डर अष्ट श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | श्री कुमार सेन्चुरी | डीकन डिल्ली ब. राई |
| **फागुन १८** March 2 | श्रीमती पुष्पा बज्राचार्य | पाष्टर प्रेम श्रेष्ठ | डीकन लाक्पा लामा | डीकन राज गुरूङ्ग | डीकन नर बहादुर श्रेष्ठ | डीकन अशोक सुनार | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर कर्ण ब. तामाङ्ग | संयुक्त सेवा धापासी चर्च |

## हार्दिक बधाई



माघ २ गते/जनवरी १६ तारिख बुधबार नेइम ज्ञानेश्वर चर्चकी सदस्य सुश्री **भद्रकला राई** र आशाको किरण झापा चर्चको सदस्य श्री **हेम कुमार थेमजाने**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **हेम कुमार** र **भद्रकला थेमजाने**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## फरवरी महिनाको कार्यक्रम

फागुन १ गते/फरवरी १३ तारिख बुधबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै चर्चमा

फागुन ५ गते/फरवरी १७ तारिख आइतबार बिहान १०:०० **नेइम कार्यकारिणीको बैठक** नेइम गोंगबु चर्चमा ।

फागुन २० गते/ मार्च ४ तारिख सोमबार बिहान १०:०० बजे **नेइम संयुक्त पुरूष रिट्रिट** नेइम ज्ञानेश्वर चर्चमा ।

फागुन २४ गते/मार्च ८ तारिख शुक्रबार बिहान १०:०० बजे **नेइम संयुक्त महिला भेला** नेइम ज्ञानेश्वर चर्चमा ।

फागुन २७/मार्च ११ तारिख सोमबार दिउँसो ३:०० बजे, २८-२९ गते/१२-१३ तारिख मंगलबार र बुधबार बिहान ८:३०-४:३० बजेसम्म र ३० गते/मार्च १४ तारिख बिहीबार बिहान ८:३०-१:०० बजेसम्म **मिशन सम्मेलन** नेइम ज्ञानेश्वर चर्चमा ।

### मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## विशेष प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पाटीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता र मेल मिलाप मागिदिऔं ।
२. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रमा उन्नति, प्रगति, सुधार आएको होस् ।
३. अन्धकारको शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, हत्या, आत्माहत्या, लागु पदार्थ दुर्व्यसन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार, बाल विवाह आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।
४. प्रभुको इच्छा र योजना पूरा गर्दै जान देशका सबै मण्डलीहरू साथै ख्रीष्टिय संघ संस्थाहरूको निम्ति पवित्र आत्माको अगुवाइ र निर्देशनको लागि प्रार्थना गरिदिऔं ।
५. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरकहाँ आउन सकून् ।
६. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख कष्ट, खेदो सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

## जानकारी

१. पौष १४ गते/डिसेम्बर २९ तारिख शनिबार नेइम गोंगबूँ मण्डलीमा १ जना विश्वासीको समर्पण भयो ।



दहचोक बस्नुहुने नेइम गुरुजुधारा चर्चको सदस्य श्री गुरुवचन सिंह ६६ वर्षमा माघ २ गते/जनवरी १६ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।



तिलगंगा बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री राम देउला ४५ वर्षमा माघ ११ गते/जनवरी २५ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २० 3<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनुको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ | २७ 10<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह ७८:७०-७२ | ५ 17<br>परमप्रभु परमेश्वरले राखिदिनुभएका आशिषहरू उपभोग गर्दै आशिष् बन्नको लागि विश्वासको कदम चलाउन सकौं ।<br>एफिसी १:३, यहोशू १:३-५ | १२ 24<br>नेइम परिषद्का गुरुजनहरू पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोर्‍याउन सकून् ।<br>एफिसी ४:१-४ |
| **सोमबार**<br>Monday | २१ 4<br>हामी सबैले परमेश्वरको प्रेमप्रति धन्यवादी भई परमेश्वरको भण्डारमा दशांश साथै अन्य भेटीहरू परमेश्वरको कामको लागि खुशीसाथ दिन सकौं ।<br>२ कोरिन्थी ९:६-१३ | २८ 11<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ६ 18<br>मण्डलीका सबै समर्पित सदस्यहरू मण्डलीको सेवा संगतिहरूमा यथाशक्य सहभागी भई आफै पनि र अरूलाई पनि प्रभुमा बढ्दैबढाउँदै जान सकौं ।<br>१ कोरिन्थी १४:२६, हिब्रू १०:२४-२५ | १३ 25<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ |
| **मंगलबार**<br>Tuesday | २२ 5<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीले प्रार्थनाको महत्व बुझी प्रार्थना सभामा आउन सकून् ।<br>यूहन्ना १४:१२-१३ | २९ 12<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:१-२० | ७ 19<br>नेइमअन्तर्गतका मण्डली तथा छोरी मण्डलीहरू साथै शाखा/आवद्ध मण्डलीहरू र संगतिहरूको लागि आवश्यक जग्गा र भवनको साथै सेवक/सेविकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>हाग्गै २:१-९ | १४ 26<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>२ तिमोथी ३:१०-१७ |
| **बुधबार**<br>Wednesday | २३ 6<br>मण्डलीअन्तर्गतका सबै घरेलु संगतिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>प्रेरित २:४२-४७ | १ फाल्गुण 13<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | ८ 20<br>येशू प्रभुको नाउँको खातिर दुःख, कष्ट, खेदो निन्दा, सतावटमा पर्नुभएकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>फिलिप्पी १:२६-२९ | १५ 27<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोर्‍याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ |
| **बिहीबार**<br>Thursday | २४ 7<br>परमेश्वरले दिनुभएका सबै बालबालिकाहरू साथै जवान छोरा छोरीहरूको लागि धन्यवाद चढाउँदै उनीहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२७:३-५ | २ 14<br>हामी सबै एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>रोमी १२:९-२१ | ९ 21<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | १६ 28<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>एफिसी ५:१९-२० |
| **शुक्रबार**<br>Friday | २५ 8<br>हामी विश्वासीहरू वचनमा आधारित जीवन जिउनेहरू हुन सकौं ।<br>लूका ६:४६-४९ | ३ 15<br>आराधना सेवामा वचनको सेवकाइ गर्नुहुने साथै सो दिन विभिन्न क्षेत्रमा सेवकाइ गर्नुहुने सम्पूर्ण सेवक सेविकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:१०-११ | १० 22<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | १७ March 1<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:११-१२ |
| **शनिबार**<br>Saturday | २६ 9<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ४ 16<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बनिँदै जान सकून् ।<br>फिलिप्पी ३:१२-१६ | ११ 23<br>बाल संगतिका सबै शिक्षक/शिक्षिकाहरू साथै बाल संगतिमा सहायता पुर्‍याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १५:५८ | १८ 2<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुटकारा र स्वतन्त्रता आएको होस् ।<br>लेवी २६:११-१३ |

**साँच्चै म तिमीहरूलाई भन्दछु, यी सबै कुरा भई नसकूञ्जेल यो पुस्ता बितिजानेछैन । स्वर्ग र पृथ्वी बितिजानेछ, तर मेरा वचन कहिल्यै बित्नेछैनन् । तर त्यस दिन र त्यस घडीको विषयमा पिताले बाहेक अरू कसैले जान्दैन, नता स्वर्गमा हुने स्वर्गदूतहरूले न पुत्रले । होशियार रहो, जागा बस र प्रार्थना गर, किनकि त्यो बेला कहिले आउने हो तिमीहरू जान्दैनौ ।**

**(मर्कूस १३:३०-३३)**